नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, जेठ ७ गते २०६९ साल (अतिरिक्ताङ्क ५

भाग १

नेपाल सरकार

कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले जारी गरेको तल लेखिए बमोजिमको नेपालको अन्तरिम संविधान (बाह्रौं संशोधन), २०६९ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को बाह्रौं सशोधन

प्रस्तावना: नेपालको अन्तरिम संविधान, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो संशोधन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस संशोधनको नाम "नेपालको अन्तरिम संविधान (बाह्रौं संशोधन), २०६९" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नेपालको अन्तरिम संविधान २०६३ को धारा ७० मा संशोधनः नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७० को सट्टा देहायको धारा ७० राखिएको छः—

"७०. संविधानको विधेयक पारित गर्ने विधिः (१) संविधान सभाले संविधानको विधेयक पारित गर्नु अघि सो विधेयकको प्रस्तावना र धाराहरू संविधान सभामा निर्णयार्थ प्रस्तुत गरी पारित गर्नु पर्नेछ।

(२) उपधारा (१) बमोजिम संविधानको प्रस्तावना र धाराहरू पारित गर्दा संविधान सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्यहरूको उपस्थित भएको बैठकको दुई तिहाई बहुमतबाट पारित गर्नु पर्नेछ।

(३) उपधारा (२) बमोजिम संविधानको प्रस्तावना सहित सम्पूर्ण धाराहरू पारित भएपछि संविधानको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव संविधान सभामा पेश गरिनेछ।

(४) उपधारा (३) बमोजिम संविधानको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव संविधान सभाको मत विभाजनद्वारा निश्चित गरिनेछ।

(५) उपधारा (३)बमोजिम पेश भएको संविधानको विधेयक संविधान सभामा तत्काल कायम रहेका सम्पूण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो विधेयक पारित भएको मानिनेछ।"

प्रमाणीकरण मितिः— २०६९।२।७।१

आज्ञाले,
भेषराज शर्मा
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-
गो.ह.व.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।